
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १९३, पृष्ठ १२ | काठमाडौं, बिहीबार ४ मंसिर २०८२ | मार्ग कृष्णपक्ष औंशी, नेपाल संवत् ११४६ | THURSDAY, NOVEMBER 20, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# स्वदेशमै स्वरोजगार बन्ने चाहना, स्टार्टअप कर्जामा आकर्षण




पुँजी छैन, तर स्वदेशमै उद्यम गर्न चाहनेका लागि सरकारले 'स्टार्टअप उद्यम कर्जा' योजना लागू गर्‍यो । जेन–जी आन्दोलनपछि पनि यो कर्जाका लागि माग गर्ने नवउद्यमी युवाको संख्या बढेको छ । तर, सरकारले कर्जाको रकम घटाएको छ । बिदेसिनबाट रोक्न र युवालाई स्वरोजगार बनाउन यस्तो ऊर्जाको क्षेत्र व्यापक गर्नुपर्ने सरोकारवालाहरूको माग छ ।

**ममता थापा** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

**कर्जाका लागि चाहिने कागजात**

- उद्योग दर्ता तथा नवीकरण प्रमाणपत्र
- प्यान नम्बर र आर्थिक वर्ष २०८१/८२ को करचुक्ता प्रमाणपत्र
- आ.व. २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन
- संस्थाको अधिकृत प्रतिनिधिको नागरिकता
- नवप्रवर्तन तथा प्रविधि प्रयोगसम्बन्धी प्रमाण वा स्वघोषणा
- अघिल्लो वर्षको कर्मचारी/कामदार वार्षिक तलबी विवरण
- सहुलियतपूर्ण कर्जा नलिएको स्वघोषणा

## रुसी आक्रमणमा बालबालिकासहित २५ को मृत्यु

**टेर्नोपिल** (एजेन्सी) : युक्रेनको पश्चिमी सहर टेर्नोपिलमा रुसी ड्रोन र मिसाइल आक्रमणमा परी ३ बालबालिकासहित कम्तीमा २५ को मृत्यु भएको छ। सन् २०२२ मा पूर्ण-स्तरीय युद्ध सुरु भएदेखि पश्चिमी युक्रेनमा गरिएको सबैभन्दा घातक रुसी आक्रमणमध्ये यो एक भएको बताइएको छ। आक्रमणमा परी ७३ जना घाइते भएका छन्, जसमध्ये १५ बालबालिका रहेका युक्रेनी उद्धार अधिकारीहरूले जनाएका छन्।

अन्य दुई पश्चिमी क्षेत्रहरू, एलभिभ र इभानो-फ्रान्किभस्कमा पनि प्रहार गरिएको थियो। उत्तरी सहर खार्किभका तीन जिल्लाहरूलाई लक्षित गरिएको ड्रोन आक्रमणमा ३० भन्दा बढी मानिस घाइते भएका थिए।

युक्रेनी वायु सेनाले रुसद्वारा प्रहार गरिएका ४ सय ७६ ड्रोनहरूमध्ये ४ सय ४२ र ४८ मध्ये ४१ वटा मिसाइलहरू खसालेको दाबी गरेको छ।

पोल्यान्डको सीमा नजिक रहेको सहर टेर्नोपिलले पूर्ण-स्तरीय आक्रमणहरूको विरलै सामना गरेको छ। सामाजिक सञ्जाल फुटेजहरूमा यस आक्रमणमा आकाशबाट सहरतिर प्रहार गरिएका क्षेप्यास्त्रहरू देखाइएको छ। यद्यपि जमिनबाट वायु रक्षाले प्रतिक्रिया दिएको धेरै कम संकेत देखिन्छ।

## मधेस प्रदेशका सभामुख मण्डल पदमुक्त

**मनिका झा** | *जनकपुरधाम*

मधेस प्रदेश सभाका सभामुख रामचन्द्र मण्डल पदमुक्त भएका छन्। उपसभामुख बबिता राउत ईशरको अध्यक्षतामा बुधबार बसेको प्रदेश सभा बैठकले सभामुख मण्डलले 'पद अनुकूल आचरण नगरेको' भन्ने प्रस्ताव दुईतिहाइ मतले पारित गरेपछि उनी स्वत: पदमुक्त भएका हुन्।

बैठकमा कुमारकान्त झाले सभामुख मण्डलले पद अनुकूल आचरण पेस नगरेको भन्ने प्रस्ताव पेस गरेका थिए। उक्त प्रस्तावको पक्षमा ७६ मत परेको थियो। उक्त संख्या प्रदेश सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुईतिहाइ बहुमत अर्थात् ७२ भन्दा बढी हो। उक्त प्रस्ताव पारित भएपछि उपसभामुख ईशरले सभामुख मण्डल पदमुक्त भएको घोषणा बैठकमा गरिन्। एमालेबाहेक अरू दलले सभामुखविरुद्ध मतदान गरेका थिए। मधेसमा सरकार गठनबाट सुरु भएको राजनीतिक विवादका कारण सभामुख मण्डलविरुद्ध 'पद अनुकूल आचरण नगरेको प्रस्ताव' प्रदेश सभामा दर्ता गरिएको थियो। 'माननीय सदस्यहरू आजको मतदानमा



उपस्थित सदस्यहरूको संख्या ७८ रहेको छ। यस प्रस्तावको पक्षमा अर्थात् हुन्छ भन्ने पक्षमा ७६ मत र विपक्षमा अर्थात् हुनन भन्ने पक्षमा शून्य मत परेको छ। प्रस्तावको पक्षमा जम्मा ७६ मत परेको र उक्त संख्या प्रदेश सभाको तत्काल कायम रहेको सदस्यको दुईतिहाइ बहुमत अर्थात् ७२ भन्दा बढी भएकाले यो प्रस्ताव पारित भएको छ। नेपालको संविधानको धारा १८२ खण्डको उपधारा ६(ग) र नियमावली नियम १८२ को उपनियम ४ बमोजिम माननीय सभामुख रामचन्द्र मण्डल स्वत: पदमुक्त भएको घोषणा गर्दछु,' उपसभामुख ईशरले घोषणा गरेकी थिइन्।

प्रदेश सभाको बैठकमा सरकार पक्षका कसैको पनि सहभागिता थिएन। एमालेबाहेक सबै दलले मण्डलको विपक्षमा मत दिएका थिए। सभा सुरु हुने बेला उपस्थित एमालेकी सांसद शारदा थापाले नियमापत्ति जनाएकी थिइन्।

'प्रदेश सभा कार्यसञ्चालन नियमावली २०७५ को ६ को उपनियम ६ बमोजिम सरकारको प्रतिनिधि उपस्थिति नरहेको बेला यो सदन कसरी चल्छ ? हामी नियमसंगत काम गर्ने भनेर यो सदनमा आएका छौं अनि हामीले नै नियमलाई मिच्ने काम गर्‍यौं भने यो अन्यथा हुन्छ। त्यसैले मेरो नियमापत्ति छ। सरकारको सहभागिता नभएको हुनाले यो सभाअगाडि नबढोस् भन्ने मेरो आग्रह छ', सांसद थापाले भनिन्। तर, नियमापत्तिप्रति कुनै सुनुवाइ नगरी उपसभामुख ईशरले सरकारको अनुपस्थितिमै सदन सञ्चालन गरेकी थिइन्। सभामुख मण्डलले सदनमा पार्टीगत आस्थाअनुसारको काम गरेको र सदनको मर्यादालाई ख्याल नै नगरेको आरोप सांसदहरूको छ।


» बाँकी पृष्ठ ६

## फ्लाई दुबईले बोइङका ७५ विमान खरिद गर्ने

**आबुधाबी** (एजेन्सी) : फ्लाई दुबईले बोइङसँग १३ अर्ब डलर मूल्यबराबरका ७५ वटा ७३७ म्याक्स विमान खरिदका लागि बुधबार सम्झौता गरेको छ। दुबईको विमान कम्पनी फ्लाई दुबईले आफ्नो सेवा विस्तारका लागि दुई दिनमा बोइङ र एयरबसबाट दुई सयभन्दा बढी विमानहरूको लागि प्रारम्भिक अर्डर घोषणा गरेको हो।




कुल १३ अर्ब अमेरिकी डलर मूल्यका ७५ वटा ७३७ म्याक्स विमानहरूका लागि र थप ७५ विमानहरूको विकल्पका लागि दुवै पक्षले 'दुबई एयरशो' मा समझदारी पत्र हस्ताक्षर गरेको विज्ञप्तिमार्फत जानकारी गराएको छ। सो एअरलाइन्सका यसअघि नै ९० भन्दा बढी बोइङ ७३७ विमानहरू सञ्चालित छन्।




## एमाले नेतालाई बारामा निषेध गर्न खोज्दा सिमरा तनावग्रस्त

**क्रान्ति शाह** | *वीरगन्ज*

एमाले सम्बद्ध युवा संघले बुधबार बाराको परवानीपुरमा मधेस प्रदेशस्तरीय जनजागरण सभा कार्यक्रम राखेको थियो। उक्त सभालाई सम्बोधन गर्न काठमाडौंबाट पार्टी महासचिव शंकर पोखरेल, युवा नेता महेश बस्नेतलगायत नेताहरू जहाजमार्फत सिमरा आउँदै थिए। एमाले नेताको विरोध गर्न 'जेन-जी' युवाहरू सिमरा चोकमा भेला भएका थिए। तर, आफ्ना नेताको स्वागत गर्न एमाले सम्बद्ध युवाहरू विमानस्थल जाँदै थिए। त्यही बेला दुवै पक्षबीच विवाद चर्क्यो। द्विपक्षीय झडप भयो। सिमरा क्षेत्र दिनभर तनावग्रस्त भयो।

त्यसक्रममा एमालेका कार्यकर्ताको आक्रमणबाट जेन-जी बाराका संयोजक सम्राट उपाध्याय घाइते भए। आक्रोशित जेन-जी युवाहरूको समूहले सिमरा विमानस्थलमा पुगेर विमानस्थलको गेट पनि तोडफोड गरे।

गेट तोडेर विमानस्थलभित्र पसेका जेन-जी युवाहरूले विमानस्थल कार्यालयमा ढुंगा र सिसाका बोतलहरू प्रहार गरे। सुरक्षाकर्मीले



दुई राउन्ड अश्रुग्यास हानेर उनीहरूलाई तितरबितर पारेको थियो।

विमानस्थलबाट फर्किएका जेन-जी युवाहरूले सिमरा चोकमा टायर बालेर प्रदर्शन गर्न थाले। चर्को नाराबाजी गरे। स्थिति थप बिग्रन नदिन जिल्ला प्रशासन कार्यालय बाराले सिमरा क्षेत्रमा बुधबार दिउँसो साढे १२ बजेदेखि बेलुकी साढे ८ बजेसम्म कर्फ्यु आदेश जारी गर्‍यो। सिमराको अवस्था तनावग्रस्त बनेपछि बुधबार काठमाडौंबाट सिमराका लागि निर्धारित सबै हवाई उडान रद्द गरिए। एमाले महासचिव पोखरेल, युवा नेता बस्नेतलगायत नेताहरू त्रिभुवन विमानस्थलबाटै घर फर्किए।

» बाँकी पृष्ठ ६

## ओली आक्रोशित

**काठमाडौं** (अन्नपूर्ण) : एमाले अध्यक्ष केपी शर्मा ओलीले बारा घटनामा सरकारले चरम लापरबाही गरेको आरोप लगाएका छन्। ललितपुरमा आयोजित कार्यक्रमलाई बुधबार सम्बोधन गर्दै अध्यक्ष ओलीले नेताहरूलाई सभा र कार्यक्रममा जान रोक लगाए सरकारले कसरी चुनाव गराउँछ? भनेर प्रश्न गरे।

'सरकारले एकातिर चुनाव गराउने भनेर आज छलफलमा बोलाएको छ। उता, बारामा जेन–जीका नाममा केही विद्वानहरूले ढुंगामुढा र तोडफोड गरेर एयरपोर्ट बन्द गराए। हाम्रो सभालाई बिथोलिदिए,' ओलीले भने, 'प्रधानमन्त्रीजीलाई सोध्न चाहन्छु, कस्तो चुनाव गराउन खोज्दै हुनुहुन्छ? ,'

उनले गत भदौ २३ र २४ गते वीरगन्ज र बारा जलाउने अपराधीहरूले नै यो घटना गराएको दाबी गरे। 'एयरपोर्टमै तोडफोड गर्न दिइयो। यो देश कस्तो भयो?,' ओलीले आक्रोश पोखे।

» बाँकी पृष्ठ ६